bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक




वर्ष ३९ अंक २३४ | २०७७ पुस २९ गते बुधबार, नेपाल सम्वत् ११४१ January 13, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

### व्यास नगरपालिकाको प्रथम चौमासिकको सार्वजनिक सुनवाई

## नदी दोहोन, काममा ढिलासुस्ती, फोहोरमैला, बजेट बाँडफाँड लगायतका विषयमा नागरिकको जिज्ञासा

♦भञ्ज्याङ समाचारदाता (दमौली)

तनहुँको व्यास नगरपालिकाले चालु आर्थिक वर्षको प्रथम चौमासिकमा सम्पादन भएका सेवा तथा योजनाहरूको सार्वजनिकिकरण गरेको छ । कार्यालय प्राङ्गणमा मंगलबार 'जनतासंग स्थानीय तह' विषयक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरी सम्पादन भएका कार्यक्रम सार्वजनिक तथा नागरिकका जिज्ञासाको सहजिकरण गरिएको छ ।

व्यास नगरपालिकाको आयोजना तथा महिला शसक्तिकरण सञ्चार समाजको सहजीकरणमा गरिएका सार्वजनिक सुनवाई कार्यक्रममा सहभागि नगरवासीहरूले मादी नदी माथिको दोहन, पुलको संरक्षण, काममा ढिलासुस्ती, फोहोरमैलाको व्यवस्थापन, पहुँचका आधारमा काम तथा विकास निर्माण लगायतका विषयमा जिज्ञासा गरेका थिए । सहभागिहरूले सहकारीको अनियमितता, डाङ्ग्रेखोल्सी हराएको विषय, अव्यवस्थित नाङ्गो तार लगायतका विषयमा समेत प्रश्न गरेका थिए ।

कार्यक्रममा सहभागि व्यास–६ का नवराज न्यौपानेले कृषि शाखाले उपलब्ध गराउने अनुदान ग्रामीण भेगसम्म नपुगेको गुनासो गरेका थिए । अनुदन दिने व्यवस्था न्यायोचित नभएको, नगरपालिकाले अनुदान वितरणका क्रममा नगरबासीलाई सूचना प्रवाह नगरिएको उनले गुनासो गरेका थिए ।

नगरपालिकाभित्र सार्वजनिक जग्गा मिचिदा पनि नगरपालिका चुप लागेर बसेको समेत आरोप लागेको छ । नगरपालिकामा आएर योजना सम्झौता गर्ने क्रममा ढिलाई हुँदा सास्ती खेप्दै आउनुपरेको, वर्षायाममा बाढीपहिरोबाट जनता पीडित भइरहदा वडाध्यक्षहरूले अनुगमन नगरेको समेत नगरबासिले गुनासो गरेका छन् ।

यस्तै व्यास–१ का ज्ञानेन्द्र बसौलाले वडागत बजेट वितरणमा दामासाही र हचुवाको भरमा बजेट वितरण गरिदा न्यायोचित नभएको गुनासो गरे । जनसंख्या र भूगोललाई प्राथमिकता दिएर बजेट वितरण गरिनुपर्नेमा हुचुवाका भरमा बजेट विनियोजन गर्नु न्यायोचित नभएको उनले बताए । सहभागिहरूले घर नक्सा बनाउने क्रममा एउटै बाटोको दुरीमा पनि फरक फरक मापदण्ड कायम गरेर स्वीकृति दिएको समेत गुनासो गरेका छन् ।



व्यास नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो शाखाबाट भए गरेका कार्यक्रमहरूको बारेमा जानकारी दिँदै वित्तिय व्यवस्थापन शाखा प्रमुख हेमन्त गुरूङ । *तस्विर : भञ्ज्याङ*

उक्त कार्यक्रममा शिक्षा शाखा प्रमुख नगेन्द्रप्रसाद रेग्मी, आर्थिक पूर्वाधार विकास शाखा प्रमुख राजेन्द्र कार्की, शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख डा. राजु पौडेल, स्वास्थ्य शाखा प्रमुख प्रमोद सोती, प्रशासन शाखा प्रमुख मेघनाथ आचार्य, लेखा प्रमुख हेमन्द गुरूङले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा सम्पादन भएका योजना विवरण सार्वजनिक गरेका थिए ।

यस्तै, नगरबासिले उठाएको जिज्ञासाका विषयमा जवाफ दिँदै नगर प्रमुख बैकुण्ठ न्यौपानेले नगरपालिका भित्र छिटोछरितो सेवासुविधा दिन नगरपालिका प्रतिवद्ध रहेको बताएका थिए । उनले मादी नदीको दोहन सम्बन्धमा उठेको प्रश्नको जवाफ दिँदै व्यक्तिको क्रियाकलाप बन्द गराइ नगरबासीको हितमा अगाडि बढाइएको काम कसरी अनुपयुक्त हुन्छ भन्दै प्रतिप्रश्न गरेका थिए ।

नगर भित्रको सार्वजनिक जग्गा संरक्षण गर्न नगरपालिकाले प्रत्येक वडादेखि नै काम अगाडि बढाउँदै गएको नगरप्रमुख न्यौपानेले बताए।

## घुस लिएको आरोपमा प्रहरी हवल्दार अख्तियारको फन्दामा

♦भञ्ज्याङ समाचारदाता (दुलेगौंडा)

तनहुँमा एक प्रहरी हवल्दार अख्तियारको फन्दामा परेका छन्। नियन्त्रणमा रहेका व्यक्ति छुटाइदिने भन्दै घुस मागेपछि उनि अख्तियारको फन्दामा परेका हुन्।

इलाका प्रहरी कार्यालय बेलचौतराको महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत प्रहरी हवल्दार शान्ति भण्डारीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग पोखराको टोलीले मंगलबार नियन्त्रणमा लिएको हो ।

प्रहरी हवलदार भण्डारीले विभिन्न वहाना बनाई सेवाग्राहीसंग दश हजार रूपैयाँ घुस मागिरहेको भन्ने उजुरी तथा सूचनाका आधारमा टोलीले उनलाई नियन्त्रणमा लिएको आयोगका सूचना अधिकारी मेघनाथ रिजालले जानकारी गराएका छन् । घुस रकम सहित पक्राउ परेका भण्डारी उपर थप अनुसन्धान भइरहेको उनले बताए।

## तनहुँमा योग दिवस मनाइने

♦भञ्ज्याङ समाचारदाता (दमौली)

तनहुँमा सप्ताहव्यापी रूपमा योग दिवस मनाइने भएको छ । प्रमुख जिल्ला अधिकारी सागर आचार्यको अध्यक्षतामा मंगलबार बसेको बैठकले सप्ताहव्यापी रूपमा योग दिवस मनाउने निर्णय गरेको हो । बैठकले माघ १ गते दमौलीमा योग प्रवचन सहित प्रशिक्षण गरिने भएको छ । माघ २ र ३ गते जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र पतञ्जली, ४ र ५ गते योग विज्ञान, ६ गते ओम शान्ति र ७ गते जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले दिवसको कार्यक्रम संयोजन गर्ने भएका छन् ।



योग दिवसलाई भव्य बनाउन विभिन्न संघसंस्था तथा सरकारी कार्यालयलाई निमन्त्रणा गर्ने निर्णय बैठकले गरेको जिल्ला प्रशासन कार्यालय तनहुँका प्रशासकीय अधिकृत राममणि मिश्रले जानकारी गराएका छन् ।






## सम्पादकीय...........

# पुल शिलान्यासले जगाएको आशा

नागरिकका आधारभूत आवश्यकाता भनेको शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, पुलपुलेसा हुन् । यी पूर्वाधारहरूको समयमै उचित व्यवस्थापन हुन सकेन भने विशेष गरी ग्रामीण क्षेत्र उजाडिदै जान्छन र गएका पनि छन् । तनहुँका अधिकांश ग्रामीण बस्तिले अहिले यस्तै समस्याको चपेटामा छन् । कतिपय गाउँबस्तिहरू सहज सडक सञ्जालसंग नजोडिनु, खोलाखोल्सीमा पुल नहुनु, शिक्षा, स्वास्थ्य र खानेपानीको सहज व्यवस्थापन नहुँदा बसाई सराइ जस्ता समस्याले जकडिएका छन् । यस्तै समस्या भ्mेल्दै आएको बस्ति हो शुक्लागण्डकीको थप्रेकका बासिन्दा। जिल्लाको लालध्वज मार्ग अन्तरगत कात्रेदेखि थप्रेक जाने करिब ३.५ किमिको दुरीमा डिल्लीराम चौतारो छ । चौतरो कास्की र तनहुँको सिमानामा पर्छ । चौतारामुनी तालखोला, खुदीखोला र गुवे खोलामा मिसिएका छन् । त्यहाँ कुनै पनि खोलामा पुल छैन । पुल नहुँदा स्थानीयवासीलाई आवाज जावतमा समस्या भ्mेल्दै आएका छन् । यी खोलाहरूबाट सबैभन्दा धेरै थप्रेकवासी प्रभावित छन् । गुवे खोला हिउँदमा सुकेर कमिला नै हिड्ने अवस्था आउँछ । तर बर्खामा गुवे खोला उर्लिदा आवत जावत ठप्पै हुन्छ । विरामी भएर उपचार गर्न अस्पताल समेत जान नसकेको तितो यथार्थ थप्रेकवासीसंग कति छन् कति । विद्यार्थीलाई विद्यालय जान, कृषकलाई तरकारी बेच्न, सामान ढुवानी गर्न, कर्मचारीलाई कार्यालय जान निकै सास्ती भ्mेल्दै आएका छन् ।

शुक्लागण्डकी नगरपालिकाको वडा नं. १ र २ जोड्ने जंघारमा दशकौदेखि पुल निमार्णका लागि माग गरेपनि पुल बन्न सकेको छैन । तर, अब भने उक्त स्थानमा शुक्लागण्डकी नगरपालिकाले आफ्नै लगानीमा पक्की पुल बनाउने कार्यक्रम सञ्चालन गरेको छ । उक्त खोलामा मोटरेवल पक्की पुल निर्माणका लागि नगरप्रमुख किसान गुरूङले शिलान्यास गरेका छन् । पुल शिलान्यास हुँदैदेखि त्यहाँका स्थानीयवासी निकै हर्षित र उत्साहित समेत बनेका छन् । यहाँबाट पृथ्वी राजमार्गमा पुग्न ५ मिनेट पनि लाग्दैन, तर पुल नहुँदा समुन्द्रको टापुमा रहेको देश जस्तै विकट ठाउँमा बसेको जस्तो अनुभव गरेका यहाँका बासिन्दा अब भने राहत मिल्नेमो विश्वस्त छन् । चारैतिर खोला छ, पुल छैन, आजसम्म हामीलाई पुल नहुँदा साह्रै पीडा भएको स्थानीयहरू बताउँछन् । पुल शिलान्यास भएपछि स्थानीयले निकै खुसी व्यक्त गरेका छन् । आज हामीलाई एकै चोटी दुईवटा खुसी मिलेको छ, यहाँ पनि पुलको शिलान्यास भयो, तालखोलामा पनि पुल बन्दैछ । अब बल्ल आशा जागेको छ । यहाँ उर्वरभुमि छ, पुल भयो भने हिउँद–बर्ख संधै तरकारी लगाउँछौ । गाईभैसी पाल्छौँ । अब हामीलाई आर्थिक समृद्धि तर्फ अगाडि बढ्न टेवा पुग्नेमा स्थानीय विश्वस्त छन् । यहाँ नगरपालिकाले आरसीसी मोडलमा २० मि. लम्बाई र ६ मि. चौडाईको पुल निर्माण गर्न लागेको छ । नगरपालिकाले भ्याटसहित बबुल अफजल खान जेभी स्याङ्जाले १ करोड ४७ लाख ४८ हजार ७७१ रूपैयाँको लागतमा पुल निर्माणको जिम्मा पाएको छ । आगामी जेठ मसान्तभित्र पुल निर्माण सक्ने गरी सम्झौता गरिएको छ । पुलको शिलान्याससंगै स्थानीयमा अब पुलसंगै गाउँमा विकास र समृद्धिको आधारका साथै सहजता हुने विश्वास जगाएको छ ।

# राजनीतिक अस्थिरता र सेवामा ठगिएका जनता

संघीय लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछि ठूलो आशा र भरोसा बोकेका जनता अहिले निरास छन् । यसको प्रमुख जड हो- राजनीतिक खिचलो र अस्थिर राजनीति । विकासको कचहरी गाउँगाउँमा हुनुपर्ने यो बेलामा अहिले सत्ता र पदका लागि शक्ति प्रदर्शनका लागि सत्तारूढ नेकपाकै घरझगडाका कारण सडक तातेको छ। एकआपसको आरोप प्रत्यारोप सुनिसाध्य छैन। दुई तिहाइ नजिकको सरकारको नेतृत्व गरेका प्रधानमन्त्रीले संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणाले आम नागरिक र राजनीतिकर्मीलाई यो परिदृश्यले झनै निरास तुल्याएको छ । अनि यसमाथि अन्य दल र राजावादीले पनि सडक तताएकै छन् । सडक सभाका दृश्य देख्दा मुखमा कोरोना छ भन्नेहरू गलतजस्ता देखिन्छन् ।

अहिलेका घटना र परिदृश्यले मुलुकको विकास निर्माणमा प्रत्यक्ष प्रभाव पार्ने निश्चित छ । कतिपय नेपाली नागरिक कर, राजस्व, महसुल, सेवा शुल्क तिरेर पनि दैनिक अत्यावश्यक खानेपानी, सडक, स्वास्थ्य, विद्युत जस्ता सेवा सुविधा पाउनबाट ठगिएका मात्र होइनन् कति त यस्ता सेवाबाट वञ्चित पनि छन् । उद्योगी व्यवसायी पनि ससाना काममा पनि भनसुन र धनसुनकै भर पर्नुपर्ने बाध्यता नहटेको गुनासो गर्न छोडेका छैनन्। साँच्चै भन्ने हो भने यतिखेर उच्च पदका धेरै राजनीति गर्नेको व्यापार फस्टाएको छ। व्यापार व्यवसाय गर्नेहरू धराशायी बन्दै गएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको यो शासन प्रणलीमा शिक्षा स्वास्थ्य क्षेत्रमा समेत अलि ठूला काम गर्नुपरे लाख, करोड, मागेर मन्त्रालयमा टिप्पणी रोकिएका उदाहरण राम्रैगरी भेटिन्छन् । विकास निर्माणका स्पष्ट योजना र काममा दृढ इच्छाशक्ति नभएका जनप्रतिनिधि पुरानै पाराको सरकारी काम कारबाहीमा रमाएका कर्मचारीकै कारण यस्तो अवस्था सिर्जना भएको हो ।

नयाँ परिवर्तनपछि मुलकका नागरिक प्रायः सबैजसो स्थानीय तह नगरपालिका र गाउँपालिकाले विभिन्न शीर्षकमा कर बढाएका कारण मारमा परेका छन् । जनताको आम्दानी बढ्नुको साटो घटेको छ । कोभिडका कारण हरेक क्षेत्रको व्यापार व्यवसाय पनि गएको चैतदेखि निकै प्रभावित भएको छ । जनताले धान्नै नसक्ने गरी कतिपय क्षेत्रमा कर बढाइएका कारण हरक्षेत्रले वृद्धि गरिएको करप्रति आलोचना र असन्तुष्टि व्यक्त भइरहेको छ । अनि जनतालाई जथाभावी कर र नेतालाई सुविधै सुविधा भएका कारण सङ्घीयताप्रति नै जनताको वितृष्णा बढ्दै जान थालेको छ । व्यापार व्यवसाय चौपट भएका कारण बढ्दो करले उद्योगी व्यवसायीमा पनि निराशा छाएको छ। ऋण काढेर कर, महसुल ब्याज बुझाउनुपरेको गुनासो गरिरहेका छन् ।

वर्तमान परिस्थिति र जनप्रतिनिधिकै कारण संघीयता धरापमा पर्ने त होइन भन्नेमा शंका उपशंका उब्जिएको छ । कतिपय क्षेत्रमा कर बढाउँदा जनताको जीवनस्तरलाई ध्यान नदिई अवैज्ञानिक तरिकाले बढाउँदा यो समस्या आएको हो । अनि अहिले कोरोनाको कहरमा परेका बेला कर सेवा सुविधामा पुनर्मूल्याङ्कन हुन नसक्दा जनता झनै समस्यामा परेका छन् । कतिपय छिमेकी गाउँ र नगरपालिकाको एउटै शीर्षकको करमा पनि निकै फरक छ । जसका कारण विभिन्न निकायबाट विरोधका आवाज आइरहेका छन् । धेरै ठाउँका बस्ती सुविधाविना नगरपालिका बने पनि कर शुल्क बढी तिर्न परेका उदाहरण छन् ।

जन्मदेखि मृत्यु, सागसब्जी, हाँस, कुखुरा, सामान्य पानी बिजुलीको सिफारिसमा पनि कर लगाइएको छ भने सामान्य जीवन निर्वाहका लागि आम्दानीको कुनै स्रोत नभएका घरधनीले सामान्य बहालमा लगाएको एक दुई कोठाको पनि घर बहाल कर तिर्नुपर्ने बाध्यताले पनि नागरिकमा निरासा बढाएको छ । यद्यपि हाम्रा अधिकांश नगरपालिकाका मेयर, उपमेयर तलबी मात्र होइन जनताले तिर्ने त्यही करबाट महँगा सवारीसाधन किनेर शयल गरिरहेका छन् । जुन सवारी साधन नगरपालिका र गाउँपालिकाको काममा मात्र होइन पार्टी र व्यक्तिगत काममा प्रयोग गरिरहेका



♦ दामोदर खनाल

**सुखदु:ख गरेर गरिब नेपाली जनताले तिरेको कर महसुलबाट हाम्रा जनप्रतिनिधि महँगा गाडीमा सवार गर्नु शोभनीय हुँदै होइन । संघीयता महँगो र खर्चिलो व्यवस्था भएकाले नै यसलाई जोगाउने हो भने हाम्रा जनप्रतिनिधि मितव्ययी हुन जरूरी छ ।**

छन् । २०/२५ लाखका सवारी साधन प्रयोग गरे पनि हुनेमा ७०/८० लाखदेखि करोढभन्दा बढीका सवारी साधन चढिरहेका छन् ।

सुखदु:ख गरेर गरिब नेपाली जनताले तिरेको कर महसुलबाट हाम्रा जनप्रतिनिधि महँगा गाडीमा सवार गर्नु शोभनीय हुँदै होइन । संघीयता महँगो र खर्चिलो व्यवस्था भएकाले नै यसलाई जोगाउने हो भने हाम्रा जनप्रतिनिधि मितव्ययी हुन जरूरी छ । तर हालसम्म प्रदेश सरकारले प्रदेशको औचित्य पुष्टि गर्न नसकेकै बेला संसद विघटनपछि प्रदेश पनि खारेज गर्नुपर्ने आवाज पनि बुलन्द भएको छ । कर महसुल विदेशको तुलना गरेर उठाउने जनतालाई सेवा सुविधा दिन विदेशको कहिल्यै तुलना नगर्ने मानसिकता देखिन्छ । अनि आफ्ना सेवा सुविधामा कुनै त्याग देखाउन सकिराखेको देखिँदैन । बरू आफ्ना सेवा सुविधा बढाइरहेका छन्। जनताले तिर्ने करबापत सेवा सुविधा केकस्तो गरी पाएका छन्, छैनन् ? त्यसप्रति पनि हाम्रा जनप्रतिनिधि जिम्मेवार भएको देखिँदैनन्। जसले आम नागरिकमा जनप्रतिनिधिप्रति झनै वितृष्णा बढाएको छ । अनि कतिपय ठाउँमा कर र ठेक्काका नाममा विचौलिया र ठेकेदारको बिगबिगी र ज्यादति पनि रोकिएको छैन । कतिपय जनप्रतिनिधिले आफ्नै ठेकेदार, डोजर प्रयोग गरेर लाखौं कमाइरहेका छन् ।

कोरोनाकै कारण लामो समयपछि घुमघाममा ननिस्के पनि गएको हप्ता काम विशेषले बुटवलदेखि नवलपरासी, नारायणगढ हुँदै नुवाकाटको बट्टार र संघीय राजधानी काठमाडौँका केही गाउँसहर अवलोकन गर्ने अवसर मिल्यो । बुटवल–नारायणगढ सडकको दाउन्ने क्षेत्रको सडकको धुलो र खाल्डाखुल्टीले यात्रुलाई दिएको पीडा होस् वा राजधानी काठमाडौँको सडकको धुलोधुवाँ वातावरणीय प्रदूषण वा नुवाकोट बट्टारको वरिपरिको वातावरणीय प्रदूषण देख्दा हाम्रा तलबी जनप्रतिनिधि के गर्दा हुन् भन्ने प्रश्न गर्न जोकोहीलाई मन लाग्छ । राजनीतिको प्रदूषित वातावरणले नै हाम्रा कतिपय विकास निर्माणले गति लिएको छैन भने कतिपय ठाउँमा जनप्रतिनिधि र स्थानीय जनताको मानसिकतामा पविर्तन आउन नसककै कारण हामी विकासमा पछि परेका हौँ ।

त्यस्तै राज्यले खुला सीमाबाट दैनिक भइरहेको चुहावट र भन्सार नाकामा झिटीगुन्टाको नाममा ब्यापक राजस्व चुहावट छ । अन्डर बिलिङको समस्या पनि रोकिएको छैन । तसर्थ फजुल खर्च र राजस्व चुहावटतर्फ सरोकारवाला निकायको ध्यान जान सके ठूलो धनराशि संकलन हुन सक्ने भएकाले सरोकारवाला निकायको ध्यान जाँदा राम्रै हुन्छ । यस्ता चुहावटहरूप्रति सरोकारवाला निकाय गम्भीर भए जनतालाई धेरै करको बोझ थप्न पर्दैन र विकास निर्माणको लागि समेत थप रकम जोरजाम हुन सक्छ । तर यस्ता सवालमा सरोकावाला निकाय र उपल्लो तह बेखवर भएझै गरी भन्सारका केही कर्मचारीकै मिलेमतोमा कमाउ धन्दामा रमाइरहेका छन् । हाम्रा जनप्रतिनिधि जनताबाट निर्वाचित भए पनि आफू नै सर्वेसर्वा हो भन्ने ठानिरहेका छन् नकि जनताप्रति उत्तरदायी बनेका छन् । कुनै पनि देशका जनता उद्योगी व्यवसायीले कर नतिरी विकास निर्माण सम्भव छँदै छैन । तर यहाँ विज्ञहरूसँग राम्रोसँग छलफल विचार विमर्श नगरी, विगतका नीतिनियम नहेरी हचुवाका भरमा कर महसुल लगाउँदा समस्या देखापरेको छ । यसप्रति सम्बद्ध निकायले पुनरविचार गरी आम नागरिकलाई हित हुने गरी काम गर्नुपर्छ ।

कोभिडले जर्जर पारेका बेला गाउँ र नगरपालिकाले घरबहाल, व्यवसाय, अटो व्यवसाय, कृषि, हाटबजार व्यवसाय, होटल व्यवसाय, स्वास्थ्य, यातायात व्यवसाय, लगायतका विभिन्न क्षेत्रमा लगाइएका करहरू जन्मदर्ता, मृत्युदर्ता साथै विभिन्न सिफारिस सम्बन्धी शुल्कहरू पुनर्विचार गर्न आवश्यक रहेको नागरिकहरू बताइरहेका छन् । हुन त स्थानीय निकायले लगाएको करप्रति अधिकांश पूर्वअर्थमन्त्री र अर्थविदहरू पनि सन्तुष्ट देखिँदैनन् । उता बजार भाउ पनि बेलगाम आकासिएको छ । जसले आम उपभोक्ता सोझै मारमा परेका छन्। तर यो सवालमा सत्तापक्ष र प्रतिपक्ष मौन नै छ।

यस्तो अवस्थामा मन्त्रिपरिषद्को बैठकबाट निर्णय भई सोही बमोजिम प्रधानमन्त्रीबाट सिफरिस भएकाले उक्त सिफारिस बमोजिम संघीय संसदको प्रतिनिधि सभा विघटन गरी २०७८ वैशाख १७ र २७ गते दुई चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकेका छन् । केही मन्त्रीहरूको असहमतिका बीच प्रधानमन्त्री केपी ओलीले संसद् विघटनको सिफारिस गरेका थिए । संसद् विघटन गैरसंवैधानिक कदम भएको भन्दै प्रधानमन्त्रीको चौतर्फी विरोध भइरहेको छ । अब समयमा निर्वाचन होला नहोला । मुलुक कसरी अगाडि बढ्ला यस विषयले बजार तातेको छ । मुलुक झनै अस्थिरतातिर गइरहेको छ । यसले पनि जनताका आशामा झनै निरासा थपेको छ । नेकपा विवाद अदालत र निर्वाचन आयोगमा पुगेको मात्र

बाँकी तेश्रो पेजमा

# आँबुखैरेनीमा जसपाको समिति गठन

♦ भञ्ज्याङ समाचारदाता (आँवुखैरेनी)

जनता समाजवादी पार्टीले आँबुखैरेनी गाँउपालिकामा गाउँकमिटी गठन गरको छ । आँबुखैरेनीमा मंगलबार भएको भेलाले पूर्ण गुरूङको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति गठन गरिएको हो । कमिटीको उपाध्यक्षमा पूर्ण गुरूङ, सचिव लक्ष्मी वि.क., सहसचिव रूद्र वि.क., ममता गुरूङ सदस्यहरूमा सुनकुमारी गुरूङ, सानुकान्छा गुरूङ, राममाया वि.क., नरजित गुरूङ, आस्कोट गुरूङ, र मनजु विक रहेको बताइएको छ ।

आँबुखैरेनीमा भएको भेलामा पार्टीका बरिष्ठ नेता अशोक राईले जनता समाजवादी पार्टी नै उत्पिडनमा परेका वर्ग समुदायको पक्षमा काम गर्ने पार्टी भएको बताएका थिए । तनहुँका अध्यक्ष कृष्ण गुरूङ, व्यास नगरका अध्यक्ष अम्मर भण्डारी, नेता चन्द्र गुरूङ लगायतले सम्बोधन गरेका थिए ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-८, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

जिल्ला प्रशासन कार्यालय - ५६०१३३
जिल्ला समन्वय समिति - ५६०१७४
जिल्ला प्रहरी कार्यालय -५६०१९९/१००
व्यास नगरपालिका, दमौली - ५६०२३३
नेपाल रेडक्रस सोसाइटी - ५६०१६९
दमौली अस्पताल, दमौली - ५६०२०३
रत्नहरी मे. अस्पताल, दमौली, - ५६०१०२
नेशनल एपोलो हस्पिटल - ५६१८११
एपोलो एम्बुलेन्स ९८४६४३५६११
लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७
जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५
व्यास नगर हस्पिटल : ५६१८१२
एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६
थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४
एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२,
आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४
नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६
नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२
एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१००
टिकट काउण्टर (माइक्रो), ५६०९०६
नेपाली कांग्रेस तनहुँ - ५६०३७५
नेकपा तनहुँ - ५६०१३४
आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६
भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४०

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
प्रतिस्पर्धीहरूले हार खानेछन् । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
सहयोगी जुटाउन नसकिएला। आँटेका काम पूरा नभए पनि आंशिक फाइदा भने हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
साहसी काम गरेर अरूको मन जित्न सकिनेछ । प्रतिपक्षीहरु समेत सहयोगी बन्नेछन् ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
खर्चिलो काम गर्नुपर्दा अर्थअभाव देखा पर्नेछ । परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
राम्रो नतिजा हातपार्न काम दोहोर्याउनुपर्ला । अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
असल व्यवहारले अरूलाई आफ्नो पक्षमा ल्याउन सकिनेछ, विवेकले काम लिनुहोला ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
पछिका लागि जोहो गर्नुपर्ने समय छ । व्यापार लगायत आर्थिक काममा मन्दी आउन सक्छ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
आँटले काम लिन नसक्दा अरूले फाइदा उठाउन सक्छन् । पहिलेको योजना स्थगित हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
व्यवसायमा सोचेको प्रगति हुनेछ। कर्मयोगले मानसम्मान समेत दिलाउन सक्छ ।

# वैदेशिक रोजगारीमा ठगीका घटना बढ्दै

♦ रासस (काठमाडौं)

वैदेशिक रोजगारीका क्षेत्रमा कोभिड–१९ को संक्रमणपछि ठगीका घटना बढ्न थालेका छन् । गत वर्ष वैदेशिक रोजगार विभागमा दैनिक २५ वटासम्म ठगीका घटना दर्ता हुने गरेकामा हाल ४० वटासम्म घटना दर्ता हुन थालेको विभागका सूचना अधिकारी टीकामणि न्यौपानेले जानकारी दिनुभयो । युरोप, अमेरिकाजस्ता महादेशका विकसित मुलुकमा पठाउने भन्दै काठमाडौं उपत्यकाका युवासमेत विभागमा उजुरी दिन आउने गरेको उहाँले बताउनुभयो । "वैदेशिक रोजगार विभागमा नै दर्ता भएको एक मेनपावर कम्पनीले एक युवालाई अमेरिका पठाउने भन्दै रू १५ लाख ७५ हजार ठगी गरेको उजुरी सोमबार मात्रै विभागमा परेको छ", उहाँले भन्नुभयो, "विशेषगरी विकसित मुलुकमा भन्दै २० वर्षमुनिका युवायुवती ठगिएको पाइएको छ ।"

त्यस्ता प्रकृतिका युवा अरूको लहलहैमा लागेर ठगिने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार खाडी मुलुकमा पठाउने नाममा ठगीका बढी घटना दर्ता हुने गरेका छन् । विभागमा स्वदेशभित्र भएका उजुरी मात्र नभई वैदेशिक रोजगारीमा गइसकेका श्रमिकले समेत सम्बन्धित दूतावासमार्फत उजुरी गर्न पाउने प्रावधान छ । भने अनुसारको सेवासुविधा र काम नपाएको खण्डमा विदेशमा रहेका श्रमिकले उजुरी गर्न पाउने प्रावधान रहेको उहाँले बताउनुभयो ।

कोभिड–१९ को सङ्क्रमणपछि लकडाउनका कारण केही समय उजुरी दर्ता र फछ्र्यौटको काम बन्द भए पनि सो समयपछि भने ठगीका उजुरीहरु बढ्ने गरेको विभागले जनाएको छ । उजुरीका आधारमा दण्डजरिवाना गराउन सक्ने र मुद्दा चलाउन सक्ने सम्पूर्ण अधिकार विभागको छ । विभागको कार्यविधि अनुरूप मेनपावर कम्पनीले रू दुई करोड धरौटी अनिवार्य राख्नुपर्छ। उजुरीका आधारमा मेनपावर कम्पनीमार्फत तथ्याङ्क लिइसकेपछि सो धरौटी रकममार्फत विभागले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ । वैदेशिक रोजगारीका क्रममा भनेअनुसारको तलब, काम र सेवासुविधा नपाएको खण्डमा पनि पीडितले स्वदेश फर्किइसकेपछि विभागमा उजुरी गर्न पाउँछन् । यदि छ महिनामा नै पीडित फर्किएको खण्डमा एक वर्षभित्र र सेवाअवधि पूरा गरेर फर्किएको एक वर्षभित्र मेनपावर कम्पनी विरूद्ध पीडितले उजुरी गर्न पाउने प्रावधान छ ।

विभागबाट इजाजत प्राप्त मेनपावरका कतिपय उजुरी फोनमार्फत सुनुवाइ गर्ने गरेको सूचना अधिकारी न्यौपानेको भनाइ छ । विभागले पटकपटक ताकेता गर्दा मेनपावरबाट कुनै प्रतिक्रिया नआएको खण्डमा विभागले पत्राउ पुर्जी जारी गरी सम्बन्धित मेनपावर कम्पनीका व्यक्तिलाई जेल चलान गर्दै आएको छ । इजाजत प्राप्त मेनपावर कम्पनीले गर्ने गरेको ठगी र व्यक्तिगत ठगी घटनाका उजुरीहरु दर्ता हुने गरको विभागले जनाएको छ । सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयले वैदेशिक रोजगारी ठगीका उजुरीको सुनुवाइ गर्दै आइरहेका छन्। जिल्लाबाट सुनुवाइ गर्न नसकिएका उजुरीहरु भने विभागमा जाने गर्छन्। त्यसैगरी विभागको कारबाही चित्त नबुझेको खण्डमा पीडितले सो उजुरी पुनरावेदनमार्फत उच्च अदालतमा दर्ता गराउन पनि पाउँछन् ।

# जापानमा लगाइएको संकटकालको क्षेत्र बढाइने

♦ रासस/सिन्हवा (टोकियो)

जापान सरकारले हालैका दिनमा राजधानी टोकियोमा कोभिडका कारणले लगाएको संकटकालको अवस्थालाई थप विस्तार गर्ने भएको छ । जापानी प्रधानमन्त्री योशिहिदे सुगाले सो संकटकालको क्षेत्र बढाउने विषयमा तयारी थाल्नुभएको पनि यहाँका अधिकारीहरूले जानकारी गराएका छन् । हाल जापान सरकारले यस्तो प्रकारको संकटकाल जापानको राजधानी टोकियोमा लगाउँदै आएको छ । सो क्षेत्रलाई अझ विस्तार गरिने तयारी जापानका प्रधानमन्त्री सुगाले गर्नुभएको राजधानी टोकियोबाट प्राप्त भएको समाचारमा जनाइएको छ। टोकियोबाट प्राप्त भएको समाचारमा सो संकटकाल जापानको राजधानी टोकियो बाहेकका क्षेत्र जस्तो ओसाका, क्योटो र ह्योगोसम्म पनि विस्तार गर्न सकिने भएको हो ।

जापान सरकारले गएको शुक्रबारदेखि राजधानी टोकियोमा यो संकटकाल लगाएको थियो तर सो संकटकालीन क्षेत्रलाई थप विस्तार गरेर अरू क्षेत्रमा पनि पुर्‍याइने भएको हो । ती क्षेत्रमा आफूले संकटकालीन अवस्थालाई बढाउने विषयमा तयारी गरिरहेको जानकारी प्रधानमन्त्री सुगाले आफ्नो दल लिबरल डेमोक्रेटिक पार्टी, एलडिपीलाई पनि गराउनुभएको समाचारमा जनाइएको छ ।

जापान सरकारले राजधानी टोकियोसहितका यसको वरपर रहेका अरू तीन ओटा प्रिफेक्चर चिबा, कानागावा र साइतामामा पनि सङ्कटकालको घोषणा गरेको थियो । यसपछि जापानको सरकारले यहाँका अरू प्रिफेक्चरमा पनि यो संकटकालीन अवस्था बढाउने तयारी थालेको समाचार यसअघि नै अएको थियो । खासगरी शुरू शुरूमा जापानको राजधानी टोकियोमा मात्र देखिएको कोरोना भाइरसको सङ्क्रमण यस बाहेकका बाहिरका क्षेत्रमा पनि देखिन थालेपछि पछिल्ला दिनमा आएर जापानले यस्तो नीति लिएको हो। अहिले जापानका प्रायः पश्चिमी प्रिफेक्चरमा यसको प्रकोप बढ्दै गएको छ । जसका कारण जापान सरकारले ती क्षेत्रमा आवश्यक सहायताका प्याकेजसमेतको घोषणा गरी सङ्कटकालको घोषणा गरेको हो ।

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

# राजनीतिक अस्थिरता र सेवामा .....

छैन सडकमा पोल खोलाखोल र आरोप प्रत्यारोपमा बदलिएको छ ।

नेपालको राजनीति पछिल्लो समय निकै अन्योलपूर्ण र तरल अवस्थामा आइपुगेको छ । सरकार सञ्चालन गरिरहेको पार्टीको आपसी मनमुटाव र अन्तर्विरोधको शिकार भएको छ । अहिले राज्य प्रणाली, संवैधानिक व्यवस्था र जनताको अधिकार बनेको छ । अनि विदेशीको चलखेल पनि बढेको छ । संवैधानिक संकट उत्पन्न भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरेपछि देखापरेको नेपालको राजनीतिले अब कुन मोड लेला सहजै अनुमान लगाउन सकिने अवस्था पनि छैन । प्रतिनिधि सभा विघटन पक्ष र विपक्षको आ–आफ्नै तर्क रहे पनि यो घटनाको उपज सत्तारूढ दल नेकपाभित्रको शक्ति संघर्ष नै हो । तत्कालीन एमाले र माओवादी केन्द्रबीच भएको पार्टीसँगै झुन्डिएको गुटको राजनीतिले जनप्रतिनिधि मूलक संस्था विघटन हुन पुगेको छ, जुन दुःखलाग्दो कुरा हो ।

**कर्मचारीमा परिवर्तन आवश्यक**

हामी स्थानीय तहको निर्वाचनसँगै नयाँ परिवेशमा प्रवेश गरेका थियौं । यद्यपि नेपालका राष्ट्र सेवक कर्मचारी इमानदार, कर्तव्य प्रायण बन्न सकेनन् भने मुलुक वास्तवमै नयाँ परिवेशमा जान सकेको देखिएन । अहिले पुनः दुई तिहाइ नजिकको नेकपा फुट्न र प्रतिनिधि सभा विघटन हुनुले प्रदेश सरकारमा समेत अस्थिरता सिर्जना भएकाले मुलुकमा झनै जटिल अवस्थामा पुगेकाले आम मतदाता निरास छन्। जसका कारण मुलुकमा झनै राजनीतिक अस्थिरता र अराजकता बढ्ने देखिन्छ । यस्तो अवस्थामा कर्मचारीको भूमिका झनै महत्वपूर्ण हुन्छ तर कर्मचारीका कार्यशैलीमा परिवर्तन आउन सकेको छैन ।

मुलकको व्याप्त भ्रष्टाचार, आर्थिक अनियमितता र कालोबजारी नियन्त्रणका लागि कर्मचारीहरूको कार्यशैलीमा आमूल परिवर्तन आउन जरूरी छ । तर त्यो देखिएन र अहिलेको परिस्थितिले मुलुक झनै समस्यामा पर्ने पक्का छ । नयाँ नेपाल बनाउन हामीले त्याग र समर्पण देखाउनै पर्छ । बोली र व्यवहार एउटै नुहँदासम्म लक्ष्यमा पुग्न सकिँदैन । संघीय लोकतान्त्रिक गणतन्त्रपश्चात पनि नेपाली जनताले नयाँपनको अनुभूति गर्न सकेका छैनन्। उही नेता, उही कर्मचारी, पुरानै कार्यशैलीले हामीले कल्पना गरेको सिंहदरबारको अधिकार गाउँमा पुग्न पनि नसकेको हो । राष्ट्रसेवक कर्मचारीले जुन रूपमा आफ्नो पदीय जिम्मेवारी बहन गरेर अगाडि बढ्नुपर्ने हो । त्यो गर्न नसक्दा मुलुकका अधिकांश सरकारी कार्यालयमा काममा ढिलासुस्ती, अनियमितता र आर्थिक लेनदेन बढ्दो छ । विकास निर्माणका काममा पनि गुणस्तरीयता पटक्कै छैन । तत्काल हुने कामलाई पनि आलटाल र भोलि भन्ने प्रवृत्ति हटेको छैन ।

मालपोत, नापी, यातायात, कर, भन्सार, राजस्व जस्ता कार्यालयका कर्मचारीहरूले आर्थिक लेनदेनको वातावरण नबन्दासम्म जनताको काममा आलटाल गर्ने, हुने कामलाई पनि अलमल्याउने गरिरहेका छन् । कतिपय काममा तलदेखि माथिसम्म राजनीतिक दलका नेता, ठेकेदार, बिचौलिया र कर्मचारीको सेटिङमा कामहरू भइरहेका छन् । अझ राजस्व, कर कार्यालयका कर्मचारीहरू आफूले मागेको रकम नदिए हिसाब किताब पटक्कै मिल्दैन भनेर मौन बस्छन्, विभिन्न झमेला देखाउने गर्छन् । सरकारी खातामा जानुपर्ने राजस्व कर्मचारीकै खल्तीमा जानेगरेका कारण ठूलो मात्रामा राजस्व चुहावट भइरहेको छ । यिनै कर्मचारीका कारण ट्याक्स छली, अन्डर बिलिङ जस्ता समस्या वर्षौंदेखि छन् । जनप्रतिनिधि आएपछि स्थानीय प्रदेश र संघीय सरकारसम्म भ्रष्टाचार घट्ने आशा गरिए पनि बढिरहेको अख्तियारको तथ्याङ्कले नै देखाउँछ ।

कतिपय कर्मचारीको मनोमानी र व्यक्तिगत लाभका कारण ठूलो मात्रमा सरकारी राजस्व चुहावट भइरहेको छ । पछिल्लो समयमा प्रहरी, राजस्व, अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता क्षेत्रका उच्च पदीय हैसियतका व्यक्तिहरू नै आर्थिक अनियमितताको आरोपमा छानबिनमा परेका छन् । जिम्मेवार पदमा बसेका व्यक्तिहरू नै यसरी छानविन, कारवाहीमा तानिन्छन् भने मुलुकमा अब कोबाट के आशा गर्नु? लोकतन्त्रका नाममा साँच्चै छाडातन्त्र मौलाएको छ । अब नयाँ नेपाल बनाउन हाम्रा स्थानीय तहका जनप्रतिनिधिहरू जिम्मेवारीपूर्वक आफ्ना प्रतिबद्धताअनुसार काम गर्न आवश्यक छ । पुरानो मानसिकता बोकेका कर्मचारीको पुरानै काम गर्ने शैलीबाट मुलुक नयाँ नेपाल बन्न सक्दैन । तर मुलुकको वर्तमान अवस्था हेर्दा जनप्रतिनिधिबाट खासै आशा गर्न सकिने अवस्था पनि देखिँदैन ।

अनि वर्तमान अवस्थामा राज्यसत्ता सम्हालेकाहरूले अहिले विस्वव्यापी रूपमा देखिएको कोरोना संक्रमणको महामारीको असरलाई नियन्त्रण गर्ने, जनतालाई स्वास्थ्य उपचार सहज उपलब्ध गराउने र राज्यका सबै शक्ति कोरोनाकै नियन्त्रणमा लाग्नुपर्ने बेलामामा आपसी भागबन्डा र व्यक्तिगत स्वार्थ, सत्ता र शक्ति, गुटगत स्वार्थ, भ्रष्टाचारमा तल्लीन हुँदै जनताको आशा अपेक्षा, राहत र समृद्धिको सपनामाथि धोखा भएको छ ।

हुन त समाजमा धेरै प्रकारको बेथिति छ । अनि हरेक नागरिक तथा समुदायलाई यिनै बेथितिले प्रभाव पारेको छ । सेवा दिने निकायमा मात्रै बेथिति छैन सेवा लिने नागरिकको सोचाइमा पनि बेथितिलाई बढावा दिने प्रवृत्ति छ । हामी रकम नतिरी काम बनाउनतिर भन्दा धेरथोर रकम दिएर काम गराउनतिर पनि उन्मुख छौं । यस्तो परिपाटी अन्त्य गराउन आम नागरिक बुद्धिजीवीको भूमिका महत्वपूर्ण हुन्छ । कुनै पनि पद, शक्ति वा ओहोदामा बसेको जिम्मेवार व्यक्तित्वले आफ्नो मर्यादा र सीमा बिर्सनु हुँदैन । यदि बिर्सन्छ भनी अब हामी त्यस्ताप्रति सामाजिक बहिष्कारसम्म पनि जान आवश्यक छ । नत्र मुलुक सुद्रिदैन ।

तसर्थ जनप्रतिनिधिहरूले जनताले अपेक्षा गरेअनुसार सहज र सरल तरिकाले काम गर्न गराउन लाग्नै पर्छ । जनताप्रति उत्तरदायी हुनै पर्छ । नत्र कर, सेवा, महसुल तिरेका आम नागरिकले सिंहदरबारको अधिकार गाउँमा पुग्छ, जनताले सेवा सुविधा पाउनेछन भन्नु हाँस्यास्पद हुनेछ । वर्तमान समयमा नागरिक समाज नै बढी सक्रिय भएर आम नागरिकलाई सेवा दिलाउनु त्यत्तिकै आवश्यक छ । सा. रातोपाटी डटकम


भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ । गण्डकी प्रदेश
नगर लोककल्याणकारी सन्देश
व्यक्तिगत घटना दर्ता


जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाई सराई जस्ता व्यक्तिगत घटना ३५ दिन भित्रमा दर्ता गराई असल नागरिकको कर्तव्य निभाऔं ।



खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यही माघ २ गते शुक्रबार

१) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन, नशा, तथा टाउको दुख्ने रोग विशेषज्ञ **डा. ध्रुबराज अधिकारी**द्वारा हात खुट्टाको जोर्नी दुख्ने, सुनिने, झम्झमाउने, हिडडुल गर्न नसक्ने, निहुरिना नसक्ने, घुडा दुख्ने, सुनिने, खुम्चाउन नहुने, बसेर उठन नसक्ने, ढाड दुख्ने, ढाडको नशा च्यापिने, हाड खिइने, घाटीको नशा दुख्ने, पाखुरा, कुहिनो, पैताला, गोली गाठा र कुर्कुच्चा दुख्ने, जोर्नीहरू सुनिने, बाथ हुने, रगतमा Uric Acid बढने, टाउको दुख्ने,मन आतिने, निन्द्र नपर्ने आदि समस्या भएमा तुरून्त सम्पर्क राखी सेवा लिनु होला ।

यही माघ ३ गते शनिबार

१) पोखरा गण्डकी मेडिकल कलेज र पोखरा डाइविटिज एण्ड थाइराइड सेन्टरका वरिष्ठ फिजीसियन, मधुमेह तथा थाईरोइड रोग विशेषज्ञ **डा. तिर्थलाल उपाध्याय**द्वारा शरिर गल्ने, मुख सुक्ने, पिसाब छिटो छिटो हुने, भोक लागिरहने तर दुब्लाउदै जाने, शरीर सुनिने, प्रेसर बढी हुने, मुटुको समस्या आउने, मन आतिने, शरिर भारी हुने, कपाल झर्ने, बच्चा नहुने बाझोपना आउने आदि समस्या भएमा तुरून्त सम्पर्क राखी सेवा लिनु होस्।

समाजिक दुरी कायम गरी उपचार सेवा दिइने छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याबः–** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :–** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

ब्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७७ पुस २९, बुधबार January 13, 2021



**गिट्टी कुट्दै मजदुर** : *लमजुङ मर्स्याङ्दी गाउँपालिका-८ भुस्मेमा गिट्टी कुट्दै मजदुर महिलाहरू ।* *तस्बिर : जनक श्रेष्ठ/रासस*

# प्रतिनिधिसभा विघटन मुद्दा : बुधबार सुनुवाइ हुँदै

♦ **रासस** (काठमाडौं)

प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालतमा दर्ता भएका रिट निवेदनमाथि संवैधानिक इजलासमा आज बुधबार सुनुवाइ हुँदैछ । सो विवाद संवैधानिक इजलासमा सुनुवाइ गर्ने कि बृहत् पूर्ण इजलास सुनुवाइ गर्ने भन्ने विवाद छ । प्रतिनिधिसभा विघटन विरुद्धको रिट निवेदक १३ मध्ये ११ जनाले बृहत् पूर्ण इजलासमा सो विवादको सुनुवाइ गर्न माग गर्दै यही पुस २२ गते पूरक निवेदन दिनुभएको थियो। सो विवाद कहाँ सुनुवाइ हुने भन्ने बुधबार मात्र तय हुनेछ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा र तेजबहादुर केसीको संवैधानिक इजलासमा सुनुवाइ शुरू भएको थियो । न्यायाधीश कार्की केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारका पालामा महान्यायाधिवक्ता भएको हुँदा अहिलेको विवादमा न्याय निरूपण गर्ने विषयबारे इजलासमा प्रश्न उठेपछि उहाँले इजलासमा नबस्ने घोषणा गर्नुभयो ।

प्रधानन्यायाधीशले बुधबारको इजलासमा अर्का न्यायाधीश तोक्नुपर्ने हुन्छ । संवैधानिक इजलासमा प्रधानन्यायाधीशसहित प्रधानन्यायाधीशले तोकेका अन्य पाँच न्यायाधीश रहने व्यवस्था छ। यही १० पुस गते अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन गर्नुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न सरकारका नाममा आदेश जारी गरेको थियो । राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सभामुखले यही पुस १९ गते महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गरिसक्नुभएको छ ।




अदालतले प्रतिनिधिसभा विघटनसम्बन्धी सिफारिस र निर्णयको सक्कल प्रति राष्ट्रपति कार्यालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट झिकाउने र प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव दर्ता भएको खुल्ने गरी सक्कल रजिष्ट्रार समेतका कागजात संघीय सचिवालयबाट झिकाउने आदेश जारी गरेको थियो ।

त्यस्तै अदालतले माग गरेको अदालतको सहयोगी (एमीकस क्युरी) मा नेपाल बार एशोसिएशनले वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की, सतिशकृष्ण खरेल र विजयकान्त मैनालीलाई सिफारिस गरेको छ भने सर्वोच्च बार एशोसिएशनले वरिष्ठ अधिवक्ताद्वय पूर्णमान शाक्य र गीता पाठकको नाम सिफारिस गरेको छ ।

प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले यही पुस ५ गते प्रतिनिधिसभा विघटन गरेको निर्णयविरुद्ध १४ रिट निवेदन दर्ता भएको थियो । राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुखलगायतलाई विपक्षी बनाई विघटित प्रतिनिधिसभाका सदस्य देवप्रसाद गुरुङ, कृष्णभक्त पोखरेल, शशी श्रेष्ठ र रामकुमारी झाँक्रीका तर्फबाट अधिवक्ता प्रवेश केसीले निवेदन दायर गर्नुभएको थियो । रिट निवेदक निवर्तमान सांसदले प्रधानमन्त्रीका सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गर्ने गरी गरेको निर्णयबाट प्रतिनिधिसभाको पाँच वर्षसम्म प्रतिनिधित्व गर्न पाउने हकबाट वञ्चित भएको जनाउँदै सो निर्णय बदर गर्न माग गरिएको छ । सो निवेदनमा राष्ट्रपति कार्यालयलाई लिखित जवाफ माग गरिएको छ ।

त्यस्तै वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी तथा अधिवक्ता शालिकराम सापकोटा, ज्ञानेन्द्रराज आरण, समृत खरेल, कञ्चनकृष्ण न्यौपाने, सन्तोष भण्डारी, दीपक राई, अमिता गौतम, लोकेन्द्रबहादुर केसी, कमलबहादुर खत्री, मनिराम उपाध्याय, तुलसी सिंखडा र अच्युतप्रसाद खरेलले निवेदन दायर गर्नुभएको थियो । कानून व्यवसायीले दायर गरेको रिट निवेदनमा प्रधानमन्त्रीले गरेको सिफारिस र सो सिफारिसका आधारमा राष्ट्रपतिद्वारा प्रतिनिधिसभा विघटनसम्बन्धी सम्पूर्ण काम कारवाही र सो सिफारिसका आधारमा भए गरेका सम्पूर्ण कार्य नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ बमोजिम उत्प्रेषणका आदेशबाट बदर गरी प्रतिनिधिसभाले गर्नुपर्ने काम सम्पन्न गर्न उपयुक्त आदेश गर्न माग गरिएको छ ।

# मादी पुल संरक्षणार्थ नदीको धार परिवर्तन

♦ **रासस** (तनहुँ)

व्यास नगरपालिका-३ र ५ जोड्ने पृथ्वीराजमार्ग अन्तर्गत पर्ने मादी नदीमाथि निर्माण गरिएको मोटरेबल मादी पुलको संरक्षणका लागि नदीको धारमा परिवर्तन गरिएको छ । पुलको पश्चिमपट्टिको पिलरको भागमा बढी गहिरिएर जान थालेपछि पुलको अतित्व संकटमा पर्दै गएकाले नदीको धारमा परिवर्तन गरी संरक्षण गरिएको हो। पानीले खोतेलेर पिलरमा क्षति पुऱ्याएको महसुस गरी नदीको धारमा परिवर्तन गरी बीच भागबाट पानी पठाइएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी इञ्जिनीयर नारायण पौडेलले बताउनुभयो । पुल संरक्षणको लागि डोजर लगाएर नोक्सान पुगेको भागतर्फको नदीलाई थुनेर बीचबाट पानी पठाइएको इञ्जिनीयर पौडेलले जानकारी दिनुभयो ।

गत वर्षसमेत पुलमुनि लगाइएको जाली यस वर्षको बाढीले भत्काएपछि पुल झनै कमजोर बनेको महसुस गरी पानीको धार परिवर्तन गर्ने काम सम्पन्न गरिएको उहाँले बताउनुभयो । धार परिवर्तनपछि असर पुगेको क्षेत्रमा २०० मिटर क्षेत्रमा ग्याबियन जाली भरिने योजना रहेको छ । दमौली बजार नजिकै रहेको उक्त राजमार्गस्थित पुलको ३७० मिटर लामो पुल रहेको छ । जाली भर्न सडक विभागसँग बजेट माग भइसकेको कार्यालयका प्रमुख अमृतमान श्रेष्ठले बताउनुभयो । ग्याबियन जाली भर्नका लागि आवश्यक रू दुई करोड बराबरको लागत स्टिमेट तयार पारी विभागमा पेश गरिएको श्रेष्ठले जानकारी दिनुभयो ।

यस वर्ष मादी नदीले व्यास-३ को भतेरीमा समेत १५० मिटरभन्दा बढी भागमा कटान गरेकाले त्यस क्षेत्रमा समेत जाली भर्ने कामका लागि रूपाताल संरक्षण आयोजनासँग छलफल भइरहेको कार्यालयले जनाएको छ ।

दमौली बजार क्षेत्रतर्फको भतेरीमा जग्गा भएका व्यक्तिले व्यास नगरपालिका र जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालयमा पुगेर जग्गा संरक्षण गर्न माग गर्दै आएका छन्। विसं २०३० मा चीन सरकारको सहयोगमा रू एक अर्ब लागतमा पुल निर्माण गरिएको थियो । पुल निर्माणपश्चात एकपटकमा एक गाडी आवतजावतका लागि एक चौकीदार राखेर गाडी पठाउने व्यवस्था मिलाइएको भए पनि हाल त्यसतर्फ सम्बन्धित निकायको ध्यान पुग्न सकेको छैन ।

## facebook twitter



**सम्झना**
twitter.com/CutysamjaNa
समस्याबाट भाग्न सजिलो हुन्छ । हर समस्या जिन्दगीलाई सिकाउने एउटा शिक्षा हुन्छ । हरेस खाने मान्छेले जिन्दगीमा केही गर्न सक्दैनन् । तर लड्ने मान्छेको खुट्टामा यो दुनियाँ हुन्छ ।



**नानी**
twitter.com/your_nani970
जन्म-मृत्यु किताबको अगाडी-पछाडिको दुईवटा गाता जस्तै हो, र बिचमा छ जीवन ! तसर्थ यी दुई गाता भित्र यस्ता सकारात्मक शब्दहरु भर जस्लाई मान्छेहरूले बारम्बार पल्टाएर पढ्न मन पराउन भावी पुस्ताले समेत इतिहास सम्झेर पढुन !



**फिक्का चिया**
twitter.com/OYTCO
निर्जीव वस्तुलाई त मान्छेले कोशिस मेहनत र लगनशीलताका साथ कुदेर आफूले चाहे अनुरूपको रूप र दृष्यमा ढाल्न सक्छ मान्छेहरुत चेतनशील प्राणी हो जस्लाई कोसिस गर्यो भने परिवर्तन सतप्रतिशत हुन्थ्यो तर यहाँ आफूसँग भएको खुशीलाई समेट्न र सम्हाल्न हैनकि अर्काको खुशी छिन्ने प्रयास हुन्छ ।



**अविनाश भट्टराई**
twitter.com/satyaalive
प्रत्येक बिहान जीवनको पुनर्जन्मको प्रतीक हो, त्यसैले हिजोका सबै खराब क्षणहरु बिर्सनुहोस् र आज तपाईंको जीवनको सबैभन्दा सुन्दर दिन बनाउनुहोस्।



**जीवन दर्शन**
twitter.com/KcJivan1
सपना भनेको कल्पना हो र बिपना भनेको अस्तित्व हो। अनी बास्तबिक जिवनको आबश्यकता भनेको सपना र बिपनाको तालमेल मिलाउनु हो ।

# नेरेसो दुम्सीकोट उपशाखाको साधारणसभा

♦ **भञ्ज्याङ समाचारदाता** (दमौली)

नेपाल रेडक्रस सोसाइटी दुम्सीकोट उपशाखाले वार्षिक साधारण सभा सम्पन्न गरेको छ। उक्त सभालाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले रेडक्रसको सिद्धान्त बमोजिम दुःखमा सहयोग गर्ने र आपत परेको बेला रेडक्रस सम्झिने भएकाले सिद्धान्त बमोजिमको कार्यमा ध्यान दिनुपर्ने बताएका छन् ।



दुम्सीकोट उपशाखाले चलाएको सामुदायिक एम्बुलेन्स सेवा पनि छिट्टै सञ्चालनमा आउने अपेक्षा गर्दै प्रमुख वाग्लेले यस अभियानलाई सफल बनाउने पूर्ण रूपमा सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरेका छन् ।

कार्यक्रममा व्यास-१० का वडा अध्यक्ष सापकोटाले यस क्षेत्रमा चालिएका हरेक कदमहरु सफलतापूर्वक सम्पन्न हुने गरेकाले यस संस्थाले सञ्चालन गरेको सामुदायिक एम्बुलेन्स अभियान पूर्ण रूपमा सफल हुने विश्वास व्यक्त गरे ।

नेपाल रेडक्रस सोसाईटी जिल्ला अध्यक्ष कृष्णहरी वाग्लेले तनहुँमा रेडक्रसको सिद्धान्त बमोजिम दुम्सीकोट र कोटदरबार उपशाखा अग्रपतिमा रहेको बताए। दुम्सीकोट उपशाखाले सञ्चालन गरेको सामुदायिक एम्बुलेन्स अभियानमा हालसम्म करिब २० लाख रुपैयाँ प्रतिवद्धता रहेको र एम्बुलेन्स खरिद प्रक्रिया केन्द्रमा सिफारिस भइसकेकाले आगामि तीन महिनाभित्रमा एम्बुलेन्स सञ्चालनमा आउने अर्थसंकलन समितिका संयोजक इश्वर पौडेलले जानकारी गराएका छन् ।

उपशाखाका सभापति रामदत्त पौडेलको सभापतित्वमा आयोजित कार्यक्रममा रेडकस केन्द्रीय सदस्य प्रदिप घिमिरे, जिल्ला सदस्य सूर्यचन्द्र हड्खले, दुग्ध उत्पादक सहकारी संघ तनहुँका जिल्ला अध्यक्ष यज्ञप्रसाद शर्मा, सचिव यामप्रसाद सापकोटा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**
**सम्पर्क : ०६५-५६०९०७**
E-mail : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : व्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४